

# अध्याय -३

## उच्च पारिनुभएको येशूको शक्ति

**यस अध्यायका मूल पदहरू: एफिसी १:१५-२३; एफिसी ३:१४-२१; १ थेस्सोलिनिकी ५:१६-१८; व्यवस्थ ९:२३; १ कोरन्थी १५:२२; भजन ११०:१।**



**यस अध्यायको मूल सार पदः अनि "हामी विश्वास गर्नेहरूका निम्ति उहाँको शक्तिको असीम महानता के हो, सो तिमीहरू जान्न सक। त्यो शक्ति उहाँको महान् सामर्थ्यको काम नै हो, जो उहाँले ख्रीष्टमा पूरा गर्नुभयो, जब उहाँले ख्रीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो।" एफिसी १:१९-२०।**

मानव जाति जहिले पनि धेरै बल र शक्तिहरूको निम्ति भोको भएको पाइन्छ। कारहरू निर्माण गर्ने कम्पनी डेभेल मोटरसले १६ वटा सिलिन्डर भएको कार निर्माण गरे। त्यसको इन्जिन १२.३ लिटरको थियो, त्यसको घोडाशक्ती ५,००० भन्दा बढिको थियो। त्यो तिब्र गतिमा गुड्ने गाडी चित्त बुझेन भने पिटरबिल्ट सेमीट्रकले खेलाडीको निम्ति कार तयार गरे। त्यसलाई ती प्राट एण्ड व्हिटनी जे ३४-४८ जेट इन्जिनहरू भएको भनिन्छ। यसले ३६,००० घोडाशक्तिको तिब्र गति गुड्ने ट्रक हो। यो

६.५ सेकेन्डमा आधा किलोमिटर दुगुर्छ। यसमा दुई पाराशुटहरू छन्। प्रतिघन्टा ३७६ माइल दगुरेपछि ती पाराशुटहरू खोलिन्छ।

त्यसको बिपरित पावलले एफिसीहरूलाई विशेष अनुरोध गर्दछन्। एफिसीको संस्कार र संस्कृतिका मानिसहरूले पूजा गर्ने विभिन्न देवी र देवताहरूको शक्ति भन्दा तिनीहरूको निम्ति परमेश्वरले दिनुहुने र तिनीहरूलाई उपलब्ध गराइएको पवित्र आत्माको शक्ति झन शक्तिशाली भएकोले त्यसको निम्ति चाहना गरे भनेर विश्वासीहरूलाई अनुरोध गर्छन्। त्यो शक्ति तिनीहरूलाई येशू ख्रीष्टबाट उपलब्ध छ भनेर पनि उनले ठोकुवा गर्छन्। यो परमेश्वरको शक्ति कुनै घोडाशक्ति वा जादुको शक्तिले नाप्न सक्दैन, तर जगत ब्रम्हाण्डलाई नै हल्लाउने मुक्तिको इतिहासका यी घट्नाहरूले देखाउँदछ भनेर उनले व्यक्त गर्दछन्: (१) येशूको पुनरुत्थान; (२) परमेश्वरको सिंहासनमा उहाँलाई आशिन गर्न उहाँलाई उचालिएको; (३) सबै थोक येशू ख्रीष्टको प्रभुत्वमा राखिएको; (४) येशू ख्रीष्ट चर्च वा विश्वासीहरूको समूहको शिर हुन दिएको (एफिसी १:१९-२३)।

ती चार घट्नाहरूलाई आत्मसात् गरेर विश्वासीहरू परमेश्वरको महाशक्तिको व्यापकता तिनीहरूको निम्ति गरेको कार्यान्वयन तिनीहरूको जीवनमा अनुभव गर्न सक्छन् भनेर पावलले बताउँदछन्।

## १. प्रार्थना र धन्यवाद अर्पण

एफिससका विश्वासीहरू येशूप्रतिको आस्थामा र एक आपसप्रतिको प्रेममा द्रुत गतिमा अगाडि बढिरहेकाछन् भन्ने खबर सुनेपछि (टाइकिकसले सुनाएका होलान्, एफिसी ६:२१,२२), कसरी तिनीहरूको निम्ति पावलले प्रार्थना गरेका थिए भनेर पावलले नै बताउँदछन्।

**एफिसीको पत्रमा पावलले दुई प्रार्थनाहरू उल्लेख गरेका छन्। त्यहाँ उल्लेख गरिएका दुई सन्देशहरूमा के दुई विषयबस्तुहरू उनले बाँड्दछन्? हेर्नुहोस्, "१५ प्रभु येशूप्रति रहेको तिमीहरूको विश्वास र सबै सन्तहरूप्रति तिमीहरूका प्रेमको विषयमा मैले सुनेको कारणले नै, १६ मेरो प्रार्थनामा तिमीहरूलाई सम्झना गर्दै तिमीहरूका निम्ति धन्यवाद दिन म थामिन्नँ। १७ म प्रार्थना गरिरहन्छु, कि हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर, महिमाका पिताले तिमीहरूलाई उहाँको विषयको ज्ञानमा बुद्धि र प्रकाशको आत्मा देऊन्। १८ म यो पनि प्रार्थना गर्दछु, कि तिमीहरूको हृदयका आँखा उज्यालो होस्, र कुन**

आशाको निम्ति उहाँले तिमीहरूलाई बोलाउनुभएको छ, र सन्तहरूमा उहाँको महिमित उत्तराधिकारको सम्पत्ति के हो, सो तिमीहरूले जान्न सक। १९ अनि हामी विश्वास गर्नेहरूका निम्ति उहाँको शक्तिको असीम महानता के हो, सो तिमीहरू जान्न सक। त्यो शक्ति उहाँको महान् सामर्थ्यको काम नै हो, २० जो उहाँले ख्रीष्टमा पूरा गर्नुभयो, जब उहाँले ख्रीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो। २१ सबै शासन, र अधिकार, र शक्ति र राज्यमाथि, र यस युगका मात्र होइन, तर आउने युगका पनि जति नाउँ छन्, ती सबैमाथि उहाँलाई राख्नुभयो, २२ र परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो, २३ जुन मण्डली उहाँको शरीर, उहाँको पूर्णता हो। र उहाँले नै सबै थोक परिपूर्ण पार्नुहुन्छ।" एफिसी १:१५-२३ र "१४ यसैकारण म पिताको सामने आफ्ना घुँडा टेक्तछु, १५ जसद्वारा स्वर्ग र पृथ्वीमा भएको हरेक परिवारको नाउँ राखिएको छ। १६ म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँका आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली पारून्, १७ र विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयमा वास गरून्, र प्रेममा जरा गाडिएका र दह्रिला भएर, १८ सबै सन्तहरूसँग चौडाइ, लमाइ, उचाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सक, १९ र ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई थाहा पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ। २० उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ, २१ उहाँलाई नै पुस्ता-पुस्तासम्म मण्डली र ख्रीष्ट येशूमा सदासर्वदा महिमा होस्। आमेन।" एफिसी ३:१४-२१। कहिलेकाहीँ हाम्रो प्रार्थना उराठलाग्दो हुन सक्छ। हाम्रो यो चुनौती वा त्यो समस्याप्रति कहिलेकाहीँ गनगन गरेर प्रार्थना गर्ने बानी हाम्रो हुन्छ। एफिसीहरूलाई सुनाएको वचनमा धन्यवाद भनेको प्रार्थनाको मातृभाषा हो पावलले सुनाएको पाइन्छ। परमेश्वरका आशिषहरूलाई हामी जम्मा गर्छौं र तिनीहरूको निम्ति उहाँलाई हामी धन्यवाद चढाउँछौं। जुनसुकै कठिन परिस्थितिमा पनि परमेश्वरले हाम्रो निम्ति काम गरिरहनुभएको छ भनेर हामी आभास पाइरहेका हुन्छौं र हामीलाई आमूल परिवर्तन गर्ने गरि उहाँको उपस्थिति भएकोमा हामी उहाँको स्तुति र प्रशंसा गर्दछौं। येशूको अनुग्रह र उहाँको उच्च शक्तिप्रति (एफिसी १:२०-२३) आनन्द मनाउँदै हाम्रा घेरामा

रहेका विश्वासीहरूमाथि उहाँको आशिषको प्रभावको निम्ति उहाँलाई धन्यवाद चढाउँछौं। यहाँ पावलले भन्न खोजेको जीवनलाई आमुल परिवर्तन गर्ने प्रार्थनाको रहस्य उनले बताउँछन्ः स्तुति, प्रशंसा र धन्यवादको साँचो नै प्रार्थना हो।

पावलले यो पनि भन्दछन्, "मेरो प्रार्थनामा तिमीहरूलाई सम्झना गर्दै तिमीहरूका निम्ति धन्यवाद दिन म थामिन्नँ" ( एफिसी १ः१६; अनि फिलिप्पी १ः३; १ थेस्सोलिनिकी १ः२ र १ थेस्सोलिनिकी ५ः१६-१८)।

रोक्दै नरोकि निरन्तर प्रार्थना गरिरहनु भनेको वास्तविक अर्थमा के हो (१ थेस्सोलिनिकी ५ः१७)? त्यसको अर्थ चौबिसै घन्टा घुँडा टेकेर प्रार्थना गरिरहने भनेको त होइन होला? त्यसको अर्थ त यो हो कि, हामी परमेश्वरको शक्ति र उहाँको उपस्थितिप्रति सजग हुँदै हाम्रा हृदयहरू खुला राखेर हामी जीवनलाई अघि बढाउँदै जान्छौं। उहाँलाई धन्यवाद दिने वातावरण र परिस्थितिलाई खोजिरहने क्रम जारी राख्ने हो। हाम्रो जीवनमा सामना गर्नुपर्ने विभिन्न विषयहरूलाई समाल्न परमेश्वरको उपस्थितिको तयारी भइरहने हो, जीवनमा आउने अनेकौं मोडहरूमा उहाँको सल्लाह माग्दा त्यसको जवाफ कसरी दिनुभयो भन्ने कुराको अनुभव गरिरहने हो। यसको अर्थ परमेश्वरबाट अलग भएर बस्ने होइन, तर उहाँसँगै मिलेर सक्रिय हुने हो। जहिले पनि उहाँको अगुवाइको निम्ति हाम्रा हृदय, दिमाग र भावनाहरूलाई खुला राख्ने हो।

कतिपय समयमा हामी येशूका चेलाहरू हौं भनेर राम्रोसँग देखाउन औपचारिक प्रार्थना गर्छौं, त्यो पनि हाम्रो अनुकूलमा। तर पावलको फरक दृष्टिकोण छ। एफिससका विश्वासीहरूको निम्ति गम्भिर भएर आफूले प्रार्थना गरेको र तिनीहरूको निम्ति धन्यवाद गरिरहेको (एफिसी १ः१६, १ः३-१४) र तिनीहरूको निम्ति पहल गरिरहेको भनेर उनले बताउँछन् (एफिसी १ः१७-२३; एफिसी ३ः१४-२१)। पावलको निम्ति प्रार्थना जीवनको केन्द्रविन्दु हो, येशूमा विश्वासी जीवन बिताउने क्रममा प्रार्थना जीवनको जग हो। माथिका पदहरूले प्रार्थनाको जल्दोबल्दो विषयलाई बुझाउन खोजिएको छ। प्रार्थनाको बारेमा समर्पित पावलको ज्ञानको आधारमा हामी प्रत्येकले हाम्रो प्रार्थनाको सेवामा ध्यान पुऱ्याउनु पर्छ भनेर हामीलाई आह्वान गरिएको छ।

**प्रार्थनामा परमेश्वरलाई सधैं धन्यवाद दिनु किन जरुरी छ? तपाईंको जीवनमा के छ जसले परमेश्वरलाई धन्यवाद दिन अग्रसर गराउँछ?**

## २. भित्री अन्तरचेतनाबाट नै पवित्र आत्माको अनुभव गर्नु

**"मेरो प्रार्थनामा तिमीहरूलाई सम्झना गर्दै तिमीहरूका निम्ति धन्यवाद दिन म थामिन्नँ। म प्रार्थना गरिरहन्छु, कि हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्‍वर, महिमाका पिताले तिमीहरूलाई उहाँको विषयको ज्ञानमा बुद्धि र प्रकाशको आत्मा देऊन्।" एफिसी १:१६-१७।**

प्रार्थनाको बारेमा खबर दिने क्रममा परमेश्‍वरको सिंहासनको सामु एउटा मूख्य अनुरोध पावलले राख्दछन्। जब विश्‍वासीहरूले येशूलाई ग्रहण गरे तब त्यसबेला तिनीहरूको जीवनमा पवित्र आत्मा आएका थिए भनेर उनले अनुभव गरेका थिए भनेर उनले भन्दछन् (एफिसी १:१३,१४)। अब येशूको बारेमा गहिरो समझ थाहा पाउन तिनीहरूलाई चाहिने आत्मिक दिव्यज्ञान तिनीहरूमा ताजारूपमा खनियोस् भनेर पावलले प्रार्थना गर्दछन् (उहाँका ज्ञानमा, एफिसी १:१७)।

**पवित्र आत्माले विश्‍वासीहरूलाई विशेष आत्मज्ञान दिउनु भनेर पावलले गरेको प्रार्थनामा के ती विषयबस्तु समावेश भएको छ? हेर्नुहोस्, "१७ म प्रार्थना गरिरहन्छु, कि हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्‍वर, महिमाका पिताले तिमीहरूलाई उहाँको विषयको ज्ञानमा बुद्धि र प्रकाशको आत्मा देऊन्। १८ म यो पनि प्रार्थना गर्दछु, कि तिमीहरूको हृदयका आँखा उज्यालो होस्, र कुन आशाको निम्ति उहाँले तिमीहरूलाई बोलाउनुभएको छ, र सन्तहरूमा उहाँको महिमित उत्तराधिकारको सम्पत्ति के हो, सो तिमीहरूले जान्न सक। १९ अनि हामी विश्‍वास गर्नेहरूका निम्ति उहाँको शक्तिको असीम महानता के हो, सो तिमीहरू जान्न सक। त्यो शक्ति उहाँको महान् सामर्थ्यको काम नै हो।" एफिसी १:१७-१९।**

**"कुन आशाको निम्ति उहाँले तिमीहरूलाई बोलाउनुभएको छ" (एफिसी १:१८) त्यसको भित्री आत्मज्ञान तिनीहरूमा होस् भन्ने तिनीहरूको निम्ति प्रार्थना गर्ने क्रममा तिनीहरूको मुक्तिको निम्ति परमेश्‍वरले विगतमा के गर्नुभयो त्यसको बारेमा पनि उनले तिनीहरूलाई सजग गराउँछन् (एफिसी १:३-९,११-१३) र तिनीहरूको निम्ति तयार पारिएको महिमित भविष्यको ज्ञान पनि तिनीहरूमा घुसोस् भनेर उनले प्रार्थना गर्छन् (एफिसी १:१०,१४)।**

**जब तिनीहरूले महिमित उत्तराधिकारीको सम्पत्ति के हो सो तिनीहरूले ज्ञान पाउन् भनेर प्रार्थना गर्दा (एफिसी १:१८) विश्‍वासीहरू परमेश्‍वरका उत्तराधिकारीहरू हुन् भन्ने पुरानो करारको अवधारणालाई याद दिलाउँछन्**

(व्यवस्था ९:२९, व्यवस्था ३२:९, जकरिया २:१२ सँग एफिसी १:११ तुलना गर्नुहोस्)। तिनीहरूले परमेश्वरबाट उत्तराधिकारीले पाउने सम्पत्तिमात्र होइन, तिनीहरू नै परमेश्वरका सम्पत्ति वा उत्तराधिकारीहरू हुन् भनेर तिनीहरूले बुझोस् भनेर उनले चाहेका थिए। परमेश्वरको सामु तिनीहरू कतिको अमूल्य छन् सो तिनीहरूले बुझौस् भन्ने उनको इच्छा थियो।

"अनि हामी विश्वास गर्नेहरूका निम्ति उहाँको शक्तिको असीम महानता के हो, सो तिमीहरू जान्न सक" (एफिसी १:१९) भनेर पावलले प्रार्थना गर्दा तिनीहरूमा हुनुपर्ने भित्री आत्मज्ञानको बारेमा चाहना व्यक्त गरेका थिए। परमेश्वरको शक्तिको महानता पवित्र आत्माले तिनीहरूमा ल्याउन् भन्ने उनले कल्पना गरेका थिए। त्यो शक्ति विश्वासीहरूले अनुभव गर्न सकुन् भन्ने उनको प्रार्थना थियो।

पावलले गर्ने सबै प्रार्थनाहरूमा विश्वासीहरूलाई येशूमा के दिइएको छ सो तिनीहरूले व्यक्तिगत तवरमै अनुभव गरुन् भनेर आफ्नो चाहना व्यक्त गरेका थिए।

**"हामी विश्वास गर्नेहरूका निम्ति उहाँको शक्तिको असीम महानता के हो" सो तपाईले कसरी राम्रोसँग अनुभव गर्न सक्नुहुन्छ? तपाईंको दैनिक जीवनमा त्यसको अर्थ के हो कसरी बुझ्ने?**

## ३ पुनरुत्थानको शक्तिमा सहभागी हुने

एफिसी १:२०-२३मा उल्लेख गरिएको प्रार्थनाको लेखमा पावलले तेस्रो आत्मज्ञानको विषयबस्तुको बारेमा विस्तृत छलफल गर्दछन्। पवित्र आत्माले विश्वासीहरूलाई परमेश्वरको शक्तिको बिशाल महानता तिनीहरूममा होस् भन्ने उनले चाहन्छन्। तिनीहरूकै लागि उहाँले त्यो शक्ति कार्यान्वयन गर्नुहुन्छ। परमेश्वरले त्यो शक्ति कसरी कार्यान्वयन गर्नु भयो भनेर पावलले मुक्तिको इतिहासको दुई घट्नाहरूलाई औंल्याउँछन्: (१) येशूलाई मृत्युबाट पुनरुत्थान; (२) सारा विश्वब्रमाण्डको सिंहासनमा येशूको सम्मान (एफिसी १:२०)।

येशूको पुनरुत्थानमा परमेश्वरको शक्ति कसरी प्रकट गरिएको थियो? हेर्नुहोस्, "१९ अनि हामी विश्वास गर्नेहरूका निम्ति उहाँको शक्तिको असीम महानता के हो, सो तिमीहरू जान्न सक। त्यो शक्ति उहाँको महान् सामर्थ्यको काम नै हो, २० जो उहाँले ख्रीष्टमा पूरा गर्नुभयो, जब उहाँले ख्रीष्टलाई

मरेकाहरूबाट जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो।" एफिसी १:१९-२०; "२० वास्तवमा ख्रीष्ट मृतकहरूबाट जीवित हुनुभएको छ। सुतिजानेहरूमध्येमा उहाँचाहिँ प्रथम फल हुनुहुन्छ। २१ किनकि जसरी मानिसबाट मृत्यु आयो, त्यसरी नै मृतकहरूको पुनरुत्थान पनि मानिसबाट नै आयो। २२ किनकि जसरी आदममा सबै मर्दछन्, त्यसै गरी ख्रीष्टमा सबै जीवित पारिनेछन्।" १ कोरिन्थी १५:२०-२२; "७ तर जति कुरा मेरो निम्ति लाभदायक थिए, ती त मैले ख्रीष्टको खातिर हानि वा अर्थहिन नै ठानें। ८ साँच्चै भन्ने हो भने ख्रीष्ट येशू मेरा प्रभुलाई चिन्न पाउने अमूल्य कुराको तुलनामा सबै कुरालाई म हानि वा बेकार नै ठान्दछु। ख्रीष्टलाई प्राप्त गर्न सकूँ भनेर उहाँको निम्ति मैले सबै कुराको नोक्सानी भोगेको छु, अनि ती सबैलाई फोहोर-मैला तुल्य म गन्दछु, ९ र सम्पूर्ण रूपले म उहाँमा भएको पाइन सकूँ। व्यवस्थामाथि आधारित भएको मेरो आफ्नै धार्मिकता होइन, तर मेरो धार्मिकता यही हो, जो ख्रीष्टमाथि निर्भर हुन्छ, जुनचाहिँ विश्वासद्वारा परमेश्वरबाट आउने धार्मिकता हो। १० म उहाँलाई र उहाँको पुनरुत्थानको शक्ति जान्न सकूँ, र उहाँको मृत्युमा उहाँजस्तै भई उहाँका दुःख-भोगमा सहभागी हुन सकूँ। ११ सम्भव भए मरेकाहरूबाट म पुनरुत्थान प्राप्त गर्न सकूँ।" फिलिप्पी ३:७-११; "२० अब भेड़ाका महान् गोठाला हाम्रा प्रभु येशूलाई अनन्त करारको रगतद्वारा मृत्युबाट जीवित पार्नुहुने शान्तिका परमेश्वरले २१ तिमीहरूलाई हरेक असल गुणले सिद्ध पारून्, र तिमीहरूले उहाँको इच्छा पूरा गर्न सक। जे परमेश्वरलाई मनपर्दो छ येशू ख्रीष्टद्वारा उहाँले तिमीहरूमा गरून्। उहाँको महिमा युगानयुग भइरहोस्। आमेन।" हिब्रू १३:२०-२१; "परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टका पिता धन्यका हुनुहुन्छ! उहाँको महान् कृपाले मृतकबाट येशू ख्रीष्टको पुनरुत्थानद्वारा एउटा जीवित आशाको निम्ति हामी नयाँ गरी जन्मेका छौं।" १ पत्रुस १:३।

येशूको पुनरुत्थान, इसाई आस्था, निष्ठा, विश्वास र सिद्धान्त को मुटु हो र यसलाई कम महत्त्वमा झार्न कुनै सिद्धान्त, ज्ञानविज्ञान, दर्शन र कठित धर्मसँग सम्झौता गर्न सकिन्न (१ कोरन्थी १५:१४,१७)। येशू ख्रीष्टको पुनरुत्थान भएकै कारण उहाँमाथि निष्ठावान हुने विश्वासीहरू उहाँको फिर्ति आगमनमा (१ कोरन्थी १५:२०-२३) अनन्त जीवन पाउन, महान् र अद्धितिय पुनरुत्थानको निम्ति पर्खिरहेका हुन्छन्। येशू ख्रीष्टको पुनरुत्थान भएकै कारणले सुसमाचारका सबै आशिषहरूको निम्ति उहाँमाथि नजर राखिरहन

सक्छौं। त्यसको फलस्वरुप हाम्रो जीवनमा पवित्र आत्माको उपस्थिति हुन्छ र अर्थमूलक जीवन यापन गर्दछौं।

"परमेश्वरका दाहिने हातमा उहाँलाई बिराजमान गरिएको छ" (एफिसी १:२०) भन्ने चित्रण भजन ११०:१बाट लिएको हो। नयाँ करारमा यो कथन बारम्बार दोहोऱ्याइएकोछ (भजनसंग्रहको अरू अंशहरूबाट पनि प्रभुलाई उच्च स्थानमा आशिन गरिएको धारणालाई नयाँ करारमा उतारिएको छ)। येशू ख्रीष्टलाई उच्च स्थानमा आशिन गरिएको चित्रण एफिसीको पुस्तकमा विशिष्ट स्थान ओगोटेको छ। अचम्म के छ भने, उहाँका निष्ठावन भक्त जनहरूलाई पनि "उठाउनुभयो, अनि स्वर्गीय स्थानहरूमा ख्रीष्ट येशूसँग बसाल्नुभयो।" एफिसी २:६।

त्यसको थपमा, ख्रीष्ट स्वर्गमा उत्रिनुहुँदा उहाँले उहाँका चर्चलाई सबै कुराहरूबाट भरपूर गर्नुभएको थियो र चर्चको उत्थानको निम्ति उपहार वा दक्षताहरू प्रदान गर्नुभएको थियो भनेर पावलले सम्बोधन गर्दछन् (एफिसी ४:८-११)।

पिताको सिंहासनमा येशू निश्क्रिय गतिमा आशिन हुनुभएको छ भनेर औपचारिक चित्रण नगर्न पावलले हामीलाई एफिसी ४:८-११मा चेतावनी दिएका छन्। तर, "उचालिएको येशू गतिशील र शक्तिशाली हुनुहुन्छ र उहाँको पवित्र आत्माद्वारा उहाँ सक्रिय हुँदै सारा संसारमा अघि बढ्दै विजेता भएर अघि बढिरहनुभएको छ भनेर नयाँ करारमा चित्रण गरिएको छ।"- एफ. एफ. ब्रुस, *द इपिस्टल्स टु द कोलोसियन्स, टु फिलमन, एण्ड टु द इफिसियनस्* (ग्राण्ड रापिडस्, मिशिगनः एर्डमानस्, १९८४) पृ. १३३। त्यसकारण येशूलाई उच्चस्थानमा आशिन गरिएको र उहाँको राज्यरोहणले विश्वासी भक्तजनहरूलाई केवल ईश्वरीय शक्ति प्रदान गर्ने चित्रणमात्र होइन उहाँ त्यस शक्तिका स्रोत पनि हुनुहुन्छ भनेर पावलले जिकिर गर्दछन्।

**तपाईंको जीवनमा येशू ख्रीष्टको शक्तिको आवश्यकता कहाँ कहाँ पर्छ? त्यस शक्तिलाई उपलब्ध गर्न अझ हामी उत्तम जीवन कसरी बिताउने? हाम्रो जीवनशैली कस्तो छ जसले गर्दा त्यो शक्तिलाई उपयोग गर्न असक्षम् हुन्छौं?**

## ४. सबै शक्तिहरूभन्दा माथि सर्वशक्तिमान येशू ख्रीष्ट

सारा जगतब्रम्हाण्ड वा कसमोसको सिंहासनमा परमेश्वर पितासँग येशू आशिन हुनुभएर उहाँले सर्वोच्च स्थान पाउनुभएकोमा पावल अत्यन्तै भावविभोर

भएर आनन्द मनाउँछन्। येशू ख्रीष्टको पितासँगको सम्बन्धको परिचय दिइसकेपछि ("स्वर्गीय स्थानहरूमा परमेश्वरको दाहिने हातमा आशिन हुनुभएको" एफिसी १:२०), येशूको "शक्तिहरूसँग"को सम्बन्धतिर आफ्नो ध्यान फर्काउँछन्। परमेश्वर पितासँग सहभागी हुनुभएर येशूको शक्ति सबैभन्दा माथि छ (एफिसी १:२१)।

**आध्यात्मिक जगतमा परमेश्वरको प्रतिद्वन्धी सैतानको पनि शक्ति छ। उसले आफ्ना पतित स्वर्गदूत वा दुष्ट आत्माहरूले आत्मिक जगतमा चलखेल गरिरहेकाछन् ती शक्तिहरूप्रति आफू सजग रहेको भनेर किन चासो देखाउँछन्? हेर्नुहोस्, "२१ सबै शासन, र अधिकार, र शक्ति र राज्यमाथि, र यस युगका मात्र होइन, तर आउने युगका पनि जति नाउँ छन्, ती सबैमाथि उहाँलाई राख्नुभयो, २२ र परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो। " एफिसी १:२१-२२; "१ तिमीहरू आफ्ना अपराध र पापहरूद्वारा मरेको बेलामा उहाँले तिमीहरूलाई जीवित पार्नुभयो। २ *यिनैमा यस संसारको रीतिअनुसार र आकाशको शक्तिको मालिकअनुसार, अनाज्ञाकारिताका सन्तानमा अहिले काम गर्ने आत्माअनुसार तिमीहरू अघि एक पल्ट चल्दैथियौं*। ३ तिनीमध्ये हामी सबै पनि शरीर र मनका इच्छा पूरा गरेर आफ्नो पापमय स्वभावका लालसामा अघि जिउँथ्यौं, र बाँकी मानिसजस्तै हामी स्वभावैले क्रोधका सन्तान थियौं।" एफिसी २:१-३ र "१० प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ। ११ दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर। १२ *किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्टयाइँका आत्मिक सेनाहरूका विरुद्ध हो*।" एफिसी ६:१०-१२।**

प्रेरित १९:११-२१मा तन्त्रमन्त्र गर्ने स्किभा यहूदीका सात जना छोराहरूको घट्नाले एफिसी सहर जादु, तन्त्रमन्त्र, टुनामुना, बिर जगानउने, भुतप्रेत जगाउने, इन्द्रजाल जस्त कलाहरूको केन्द्रविन्दु वा राजधानी थियो। यो पावलको समयमा थियो। "ग्रीक सभ्यता वा संस्कारमा जादु, तन्त्रमन्त्र, झाँक्री, टुनामुना आदि गर्ने संस्कारको बाहुल्यता थियो। मानिसहरूको जीवनको प्रत्येक पक्षमा देवीदेवता, भुतप्रेत जस्ता विभिन्न आत्माहरू सक्रिय थिए भनेर त्यसबेलाको संसारले विश्वास गर्दथ्यो। ती तान्त्रिक वा जादुगरहरूको काम

भनेकै सहयोगी आत्माहरूबाट हानी गर्ने दुष्ट आत्माहरूको पहिचान गर्ने थियो। ती आत्माहरू कुन शक्ति र अधिकारको चलखेलमा छ भनेर तिनीहरूले सिक्दथे। त्यो ज्ञान ती तान्त्रिकहरूले थाहा पाएपछि व्यक्तिगत मानिसको हितको निम्ति ती आत्माहरूलाई नियन्त्रणमा लिएर चलखेल गर्दथे। मन्त्र उच्चारण गरेर, विभिन्न लिखित सूत्रहरूको जन्त्र बनाएर मानिसहरूको घाँटीमा झुन्ड्याइदिने, बुटी आदिहरूद्वारा ती तान्त्रिक वा झाँक्रीहरूले दुष्ट आत्मालाई नियन्त्रण गर्दथे। कोही बिरामी छ वा कुनै खेलमा भाग लिएर जित्नुछ भने आवश्यक जन्तर, सूत्र वा बुटी मानिसहरूलाई बाँधिदिन्थे।"- क्लिन्टन इ. आर्नोल्ड, पावर एण्ड माजिकः द कन्सेप्ट अभ पावर इन एफिसीयन्स, पृ. १८।

देवीदेवताहरूको नाउँ र भुतात्माका शक्तिहरू तन्त्रमन्त्र गरेर जगाउने एफिसीससका धार्मिक जीवन, सस्कार वा संस्कृतिको जीवनशैलीको भाग थियो। यहूदी झारफूक गर्नेहरू यताउती घुमेर आफ्नो काम गर्दथे (प्रेरित १९:१३)। आजको संसारमा पनि यो प्रचलित छ (नेपाली समाजमा त झन तिनीहरूको बाहुल्यता छ)। येशू ख्रीष्ट र ती "सैतानका शक्तिहरूको" बीचमा कस्तो सम्बन्ध छ भनेर पावलले एफिसीका विश्‍वासीहरूलाई स्पष्ट गर्न चाहेका थिएः सर्वोच्च स्थानमा रहनुभएको सर्वशक्तिमान येशू, "सबै शासन, र अधिकार, र शक्ति र राज्यमाथि, र यस युगका मात्र होइन, तर आउने युगका पनि जति नाउँ छन्, ती सबैमाथि उहाँ हुनुहुन्छ।" एफिसी १:२१।

येशूका सार्वभौमिकता भन्दा बाहिर अरू कुनै शक्ति छैन भनेर निश्‍चित होस् भनेर आफ्ना पाठकहरूलाई पावलले बुझाउन प्रयास गरेका थिए। मन्त्रतन्त्रद्वारा जगाउने कुनै देवीदेवताहरूभन्दा उहाँ उच्च हुनुहुन्छ भनेर पावलले जिकिर गर्दछन्। येशूको शक्तिमा समयको दायराको फराकिलो बताउँदै येशूको शासनको बाहुल्यतालाई उनले उल्लेख गर्दछन्। ती शक्तिहरूमाथि शासन गर्ने उहाँको शक्ति त्यसबेलाको युगमामात्र उपलब्ध भएको थियो तर आउने युगमा पनि उपलब्ध छ भनेर उनले जिकिर गर्दछन् (एफिसी १:२१)।

**आजभोली पनि ती दुष्टशक्तिहरूको चलखेल भइरहेको छ। तिनीहरूमा हामी नपर्न हामी कसरी निश्‍चित हुने? (अझ भन्नुपर्दा हाम्रो नेपालमा त त्यो लोकप्रिय नै छ-अनुवादक)।**

## ५. येशू सबै थोकहरू हुनुहुन्छ र उहाँको चर्च

भजन ११०:१ को भविष्यवाणीलाई येशूलाई नै उच्च पारिएर सम्बोधन गरेको भनेर सुरुका इसाईहरू महसुस गरेका थिए: "परमप्रभु मेरा परमप्रभुलाई भन्नुहुन्छ, "तिमी मेरो दाहिने हातपट्टि बस, जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाको पाउदान तुल्याउँदिनँ।" भजनसंग्रह ११०:१। तिनीहरूले भजन ८लाई पनि त्यही हिसाबले हेरेका थिए। येशूको महिमा गर्ने भजन ८मा यसरी लेखिएको छः "१ हे हाम्रा सर्वमान्य परमप्रभु, सारा पृथ्वीभरि तपाईंको नाउँ कति महिमित छ! तपाईंका महिमाको स्तुतिगान उच्च स्वर्गमा हुँदछ। २ शिशुहरू र दूधे-बालकहरूका ओठबाट तपाईंले पूर्ण प्रशंसा निकाल्नुभएको छ, तपाईंका शत्रुहरूका कारणले, अनि शत्रु र प्रतिपक्षीलाई चूप गराउनलाई तपाईंले यसो गर्नुभएको छ। ३ जब म तपाईंको हातले बनाएको आकाशलाई, र तपाईंले स्थापित गर्नुभएका जून र ताराहरूमाथि विचार गर्छु, ४ मानिस के हो, र तपाईं त्यसको वास्ता राख्नुहुन्छ? मानिसको छोरो के हो, र तपाईं त्यसको फिक्री गर्नुहुन्छ? ५ तपाईंले त्यसलाई स्वर्गीय प्राणीहरूभन्दा केही मात्र सानो बनाउनुभयो, र त्यसलाई महिमा र आदरको मुकुट पहिराउनुभएको छ। ६ आफ्नो हातका कामहरूमाथि तपाईंले त्यसलाई शासक बनाउनुभएको छ। सबै थोक तपाईंले त्यसका पैतालामुनि राखिदिनुभएको छ– ७ सबै भेड़ाबाख्रा र गाई-गोरु र वनका सबै पशुहरू, ८ आकाशका पक्षीहरू र समुद्रका माछाहरू र समुद्रभित्र पौड़ने सबै जन्तुहरू। ९ हे हाम्रा सर्वमान्य परमप्रभु, सारा पृथ्वीभरि तपाईंको नाउँ कति गौरवमय छ!" त्यस बेलाको होस् वा अहिलेको होस्, आकाश वा अन्धकारका शक्तिहरूले येशूका भक्तहरूमाथि रजाइँ गरेको अनुभव गरेतापनि वा तिनीहरूले धम्काए र तर्साएतापनि येशूभक्तहरूले यो सत्यलाई आत्मसात् गर्नु जरुरी छ कि ती शक्तिहरू ख्रीष्टका पाउमुनि थिए।

यो ख्याल गर्नुहोस्, सबै थोकहरू येशूको पाउमुनि राखेपछि पिताले उहाँलाई चर्चको शिर बनाउनुभयो। एफिसी १:२२मा यसरी लेखिएको छ "परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो।" सबै थोकहरू भन्दा विश्वव्यापी रूपमा भनेतापनि पावलले एफिसी १:२१मा ती शक्तिहरूमाथि येशूको प्रभुत्व भएको अडान लिन्छन्। सबै थोकहरू-सारा जगत, अलौकिक, आत्मिक वा

अध्यात्मिक शक्तिहरू उहाँको पाउमुनि छन्। तिनीहरू उहाँको खतनमा बस्नुपर्ने औल्याइएको छ।

**येशू ख्रीष्ट विश्वब्रम्हाण्डको सिंहासनमा आशिन गरिनुभएकोले र सारा स्वर्ग र पृथ्वीमाथि उहाँको आधिपत्य भएको हैशियतले उहाँको चर्चको निम्ति के फाइदाहरू छन्? हेर्नुहोस्ः "२२ र परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो, २३ जुन मण्डली उहाँको शरीर, उहाँको पूर्णता हो। र उहाँले नै सबै थोक परिपूर्ण पार्नुहुन्छ।" एफिसी १:२२-२३।**

सबै दुष्ट शक्तिहरूमाथि येशूलाई परमेश्वरले बिजयी बनाउनु भएको थियो। चर्च ख्रीष्टसँगै नजिकै पहिचान गरिएको र त्यसलाई आवश्यक परेका सबै थोकहरू उहाँले परिपूर्ति गर्नुभएकोले सैतान र उसका दुष्टआत्मा शत्रुहरूमाथि पनि बिजयी भएको ग्यारेन्टी भएको छ।

जुन शक्ति येशूको पुनरुत्थानमा देखाइएको थियो र जगतको प्रत्येक शक्तिमाथि उहाँलाई उच्च पारिएको थियो, त्यही शक्ति चर्चको निम्ति सक्रिय भएको थियो। परमेश्वरले चर्चलाई विजयी येशू ख्रीष्ट दिनुभएको थियो। जब चर्चका विश्वासीहरू येशूमा एकाभावना भएर एक आपसमा पनि एकाभावना हुन्छ तब त्यो चर्चलाई येशूको शरीर भनेर सम्बोधन गरिन्छ।

उच्च पारिनुभएको ख्रीष्टलाई हामीले कसरी  थाहा पाउने र हाम्रो जीवनमा परमेश्वरको शक्तिको अनुभव कसरी गर्ने? पावलले त्यसको निम्ति तरिका र प्रक्रिया वा रणनीतिहरूको सिधै उल्लेख गर्दैनन्। तर, एफिसीहरूको प्रार्थनाको प्रतिवेदनले त्यो शक्ति कसरी अनुभव गर्न सकिन्छ भनेर हामीलाई आभास् दिएको छ। उनको प्रार्थनाको जवाफ परमेश्वरले दिनुहुन्छ भनेर पावलले विश्वास गरेका थिए। ख्रीष्टमा प्रकट भएको परमेश्वरको शक्ति नै पर्याप्त भएको थाहा पाएर पावलले आनन्द मनाउँदै आफ्नो भनाइमा अडिग हुन्छन्। अनि त्यो शक्ति विश्वासीहरूको जीवनमा सक्रिय होस् भनेर परमेश्वरकै अगाडि मा प्रार्थना गर्छन्।

**तपाईंको आफ्नै जीवनमा प्रार्थनाको शक्तिलाई कसरी अनुभव गर्नुभएको छ? प्रार्थनाको जवाफ पाएकोमामात्र होइन, तर दैनिक प्रार्थना र उपासनामा हामीलाई परमेश्वरको नजिक कसरी ल्याउँछ र येशूमा उपलब्ध गराइएको शक्ति हामीले पनि उपभोग गरेकाछौं भन्ने गवाही  केही छ त?**

## उपसंहार

**थप जानकारीः येशूलाई उच्च पारिएको वर्णन लेखिएको एलेन जी ह्वाइटका यी दुई अंशहरूको अध्ययन गर्नुहोस्ः**

"जब येशू पृथ्वीबाट उक्लिनुभयो तब उहाँ स्वर्गका ढोकाहरूबाट पस्नुभएको थियो। स्वर्गदूतहरूको जयजयकार ध्वनीको बीचमा उहाँलाई सिंहासनमा बसालिएको थियो। येशूलाई सम्मान गर्ने समारोह सम्पन्न भएको लगत्तै पवित्र आत्मा चेलाहरूमा ठूलो प्रवाहसाथ ओर्लनुभएको थियो, र ख्रीष्टलाई महिमित गराइएको थियो। जुन महिमा परमेश्वर पितासँग सारा अनन्त युगदेखि थियो। पेन्टिकोस्टमा पवित्र आत्मा खनिनुभएकोले यो देखाएको थियो कि मुक्तिदाताको उद्घाटन समारोह सम्पन्न भयो भनेर स्वर्गले खबर दिएको थियो। उहाँको प्रतिज्ञा अनुसार उहाँले स्वर्गबाट उहाँका अनुयायीहरूलाई पवित्र आत्मा उहाँले पठाउनुभएको थियो। चेलाहरूमा खनिएको पवित्र आत्माले यो खबर दिएको थियो कि येशू पुजारी र राजा हुनुभएको हैशियतले सारा स्वर्ग र पृथ्वीको अधिकार उहाँले पाउनुभयो, र उहाँका जनहरूमाथि उहाँ अभिषेक गरिएको प्रभु हुन पुग्नुभएको थियो।"-आक्टस अभ द यआपोस्टल्स, पृ.३८,३९।

"पिताका हात पाखुराहरूले उहाँका पुत्रलाई घेरिएको थियो, र यो वचन उहाँले उच्चारण गर्नुभएको थियो, 'परमेश्वरका सबै स्वर्गदूतहरूले उहाँको आराधन गरोस्।' हिब्रू १ः६।

"उच्चारण नै गर्न नसकिने आनन्दले सारा शासकहरू र अधिकारवालाहरू र शक्तिहरूले जीवनको राजकुमारको सर्वोच्चतालाई स्वीकारेका थिए। स्वर्गका स्वर्गदूतहरूको फौजले उहाँको सामु घोप्टो परे, जम्मा भएका जीवहरूको खुशीयालीको यो आवाजले स्वर्गका सारा कक्षहरूमा भरिएको थियो, 'तिनीहरू चर्को सोरले यसो भनिरहेका थिए, "मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति सम्मान, महिमा, र स्तुति ग्रहण गर्ने योग्यका हुनुहुन्छ।" प्रकाश ५ः१२ ।

"स्वर्गदूतहरूले बजाएका तार बाजा हार्पहरूसँग मिसिएर निकालिएको बिजयको सङ्गितले सारा स्वर्ग नै आनन्द र स्तुतिले भरिभराउ भएको भएको थियो। प्रेमको जित भयो। हराएको भेट्टाइयो। सारा स्वर्गमा उच्च स्वरमा आवाजहरू निकाल्दै यो घोषणा गरिएको थियो, "सिंहासनमा विराजमान

हुनुहुनेलाई र थुमालाई स्तुति, सम्मान, महिमा, र सामर्थ्य सदासर्वदा होस् ।" प्रकाश ५:१३ ।— *द डिजाएर अभ एजेज्,* पृ. ८३४,८३५ ।

**चिन्तनमननः**

अ. "अहिले" र "अझै भएकोछैन" भन्ने येशूका उच्च सम्मानको बारेमा मनन गर्नुहोस्। कुन आधारमा येशू अहिले नै सबै थोकहरूका प्रभु हुनुहुन्छ? सैननका शक्तिहरू उहाँको दवावमा अहिलेनै छन्। फेरि "अझै नभएको" भविष्यमा उहाँको पूर्ण राज्यको निम्ति हामी अपेक्षा गरिरहेकाछौं भनेर कुन अर्थमा लिने? हेर्नुहोस्, "२४ तब अन्त्य आउनेछ, जब उहाँले हरेक शासन, हरेक अख्तियार र शक्ति नष्ट पारेर परमेश्‍वर, अर्थात् पितालाई राज्य सुम्पिदिनुहुनेछ। २५ किनकि उहाँले आफ्ना सारा शत्रुलाई आफ्ना पाउमुनि नपारुञ्जेल उहाँले राज्य गर्नैपर्छ। २६ सबैभन्दा पछि नष्ट पारिने शत्रु मृत्यु हो। २७ "किनभने परमेश्‍वरले सबै कुरा उहाँका पाउमुनि अधीनमा राख्नुभएको छ।" तर यो स्पष्ट छ, कि "सबै कुरा उहाँको अधीनमा राखिएको छ" भन्नाले परमेश्‍वर आफै त्यस अधीनतामुनि हुनुहुन्न, जसले सबै कुरा ख्रीष्टको अधीनमा राखिदिनुभएको हो। २८ जब सबै कुरा उहाँको अधीनमा ल्याइन्छन्, तब स्वयम् पुत्र उहाँको अधीनमा हुनुहुनेछ, जसले सब थोक उहाँको अधीनतामा राख्नुहुन्छ, ताकि परमेश्‍वर नै सबै थोकका सर्वेसर्वा होऊन्।" १ कोरिन्थी १५:२४-२८।

आ. ख्रीष्टले सबैमाथि अधिकार गर्नुभएको छ भन्ने आत्मज्ञानको आधारमा तपाईं उनो अधिनमा  अहिले नै कसरी रहनुभएको छ? वा के ती पतित शक्तिहरूको प्रभुत्वमा तपाईं रहनुभएको छ कि? तपाईंलाई थाहा छ ती शक्तिहरू बितेर जानेछन्। ती हारिएका दुष्ट तत्व र शत्रुहरूका शक्तिहरू यस संसारमा कुनै न कुनै रूपमा प्रभुत्व त गरिनै रहेका छन्, तर त्यसबाट हामी कसरी उकासिएर वा बचेर रहने?

# कथा ३

# अनलाइन वा इन्टरनेट मिसिनेरी

# नेमान्या, सर्बिया



नेमन्याले इन्टरनेट हेर्दै थियो। त्यहाँ आफ्नो सर्वियन भाषामा सेभेन्थ-डे एडभेन्टिस्टको बारेमा धेरै पानाहरू भएको उसले देखेनन्। "हाम्रो चर्चले इन्टरनेटमा आफ्नो क्रियाकलापको बारेमा किन धेरै सूचनाहरू राख्दैनन्?" उनलाई अचम्म मानेर सोचे। "त्यसको बारेमा कसैले किन गर्दैन?" आफूले आफैलाई सोधे।

अनि अर्को प्रश्न उनको दिमागमा घुस्यो, "होइन, यसको बारेमा म आफूले नै किन केही नगर्ने?" नेमन्याले अनलाइन वा इन्टरनेटबाट सुसमाचार सुनाउने काम सुरु गरे। आज संसारभरी त्यो सेवाको उपभोग गर्नेमा ५,००० भन्दा बेसी सहभागीहरू छन्। अर्को थप दुई सामाजिक सञ्जालहरूले पनि त्यस कार्यक्रममा सहभागी भएका छन्। सामाजिक सञ्जालमा सेभेन्थ-डे एडभेन्टिस्ट सन्देशहरू राख्ने बाहेक उनले २०-३० समूहहरू छन् जसले अनलाइनबाट बाइबल अध्ययन गरिरहेको नेमन्याले रेखदेख गर्दछ। दुई वर्षभित्रमा १० जना युवाहरूले बप्तिस्मा लिएका छन्। अनि धेरै युवाहरू सर्वियाको राजधानी बेलग्रेडको एडभेन्टिस्ट सेमिनारीमा बाइबल अध्ययन गरिरहेका छन्।

<u>इन्टरनेट सेवाद्वारा सुसमाचार प्रचारक हुनु भनेको के हो?</u>

एक छिन त यो डरलाग्दो आँट हुनसक्छ भनेर २५ वर्षको युवक नेमन्याले बताउँछ।

आफूलाई दुष्ट आत्माले धम्कि दिएको एक जना युवकले लेखेको थियो। त्यो दुष्ट आत्मा आफू भगवान हुँ र धेरैलाई मारिसकेको उसले लेखेको थियो। "मेरो निम्ति प्रार्थना गर्न सक्नुहुन्छ?," नेमन्यालाई त्यस युवकले सोध्यो।

नेमन्जाले इन्टरनेटबाट नै दश जनाहरूको समूख खडा गरिन् र त्यस युवकको निम्ति प्रार्थना गर्न थाले। दुई दिनपछि आभारित भएर तिनीहरूलाई

पत्र लेखे, "दुष्ट आत्माको आक्रमण कम भयो र आज त मलाई आक्रमण नै गरेन।" त्यस युवक नेमान्याको इन्टरनेटबाट बाइबल अध्ययन गर्ने कार्यक्रमका समूहरूमा सरिक भयो। "परमेश्वरले उसलाई सहयोग गऱ्यो," नेमान्याले बतायो।

उसले खडा गरेको बाइबल अध्ययन टोलीहरूमा महिलाहरूको पनि टोली थियो। त्यस टोलीलाई अस्ट्रियाको भियनाकी टामारा नाउँ गरेकी एक महिलाले पत्र पठाइन्। उनी प्रभुभोजमा सरिक हुन चाहेकी आफ्नो तिब्र चाहना व्यक्त गरिन्। तर आफू कहाँ जाने थाहा नभएको लेखिन्। अनि उनले नेमान्यालाई कुन चर्चमा सरिक हुने बताइन्। "कुन चर्चमा सरिक हुने भन्ने जवाफ सजिलो छ। बाइबल पढ्नुहोस्, प्रार्थना गर्नुहोस्। तपाईंले के गर्नुपर्छ परमेश्वरले भन्नुहुनेछ।"

शिष्ट तवरले टामाराले जवाफ दिइन् कि उनले बाइबल पढिसकेकी छिन् र प्रार्थना गरेकी छिन्।

नेमान्याले बाइबल अध्ययन सामग्री र इन्टरनेटमा राखिएको धेरै सामग्रीहरू पनि पठायो। टामाराले नेमान्यालाई धन्यवाद दिइन् र फेरि भनिन्, "म कुन चर्चमा जाने अझै थाहा छैन। नेमान्याले जवाफ दिइन्, "सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा जान म सुझाव दिन्छु।" नेमान्याको जवाफमा आफू सन्तुष्ट नभएकोले अर्को चर्चमा गइन् तर त्यहाँ आफ्नो मोटर पार्क गर्न ठाउँ पाइनन्। अनि ३०० माइल वा ५०० किलोमिटर टाढा को बोसनिया र हर्जगोभिनामा रहेकी एक महिलाले महिलाहरूको निम्ति गठन भएको बाइबल अध्ययन टोलीमा टामाराले सरिक हुन चाहेकी र प्रभुभोजमा चासो देखाएकी थाहा पाएर टामारालाई पत्र लेखिन्, "हे टामारा, भियनाको एउटा चर्चमा प्रभुभोज शनिबार हुँदैछ। त्यस चर्चको ठेगाना यो हो।" टामारा चकित भइन्। "चर्चमा मेरो कार पार्क गर्ने ठाउँ खोज्दै थिएँ र म निराश हुँदै थिएँ। यसबेला तपाईंको सन्देश पाएँ," भनेर त्यस महिलालाई उनलले लेखिन्।

साबथ दिनमा प्रभुभोजमा सरिक हुन टामार एडभेन्टिस्ट चर्चमा गइन्। अब उनी एडभेन्टिस्ट चर्चमा सरिक हुन बाइबल अध्ययन गर्दैछिन्।

एक रात नेमान्या सुत्नलाई तयार गर्दै थियो तब एउटा सोच उसमा आयो, "तिमीले अलेक्साको निम्ति प्रार्थना गर्नु।" अनलाइन बाइबल अध्ययनमा सरिक भएपछि अलेस्काले सत्यलाई स्वीकारेको थियो तर बप्तिस्मा लिएको थिएन। अनि उसले यो लेखेर अध्ययन टोली छोडेको थियो, "मलाई सत्य के

हो सो थाहा छ। तर म त्यस अनुसार चल्न चाहन्न। म आफ्नै जीवन बिताउन चाहन्छु।"

त्यस रात नेमान्याले उसको निम्ति प्रार्थना गऱ्यो। त्यो प्रार्थना सरल थियो, "हे प्रभु उसको हृदय छुनुहोस्।

अर्को दिन अलेक्साले लेख्यो, "सुन्नुहोस् त, मेरो हृदयमा पवित्र आत्माले छुनुभएको जस्तो अनुभव गरेको छु।"

नेमान्या छक्क पऱ्यो। त्यसको लागि नै उसले प्रार्थना गरेको थियो। "म टोलीमा फेरि सरिक हुन चाहन्छु, भनेर उसले लेखेको भए राम्रै हुन्थ्यो, तर मैले केको निम्ति प्रार्थना गरेको थिएँ त्यही उसले अनुभव गरिरहेको थियो। पछि ऊ अध्ययन टोलीमा फेरि सरिक भयो," अचम्म मान्दै नेमान्याले सुनायो।

अर्को युवक सामाजिक सञ्जालबाट एडभेन्टिस्टको सक्रियरुपमा घोर बिरोध गरिरहेको थियो। नेमान्याले उसलाई लेख्यो, "भाइ ग्रेट कन्त्रोभर्सी किन नपढ्ने?" "हुन्छ म प्रयास गर्छु," उसले जवाफ दियो। एलेन जी. ह्वाइटको एकै रातमा पूरै पुस्तक पढ्यो। अर्को दिन उसले लेख्यो, "ए म त एडभेन्टिस्ट पो हुन लागेको छु।" एडभेन्टिस्ट चर्चले बाइबल सत्य सिकाइरहेको उसले स्वीकाऱ्यो। अब बप्तिस्मा लिन ऊ तयार गरिरहेको छ।

*- आन्ड्र्यु मेकचेस्नी*